जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २२० • २०८३ जेठ १७ गते आईतवार • 31 May 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## गौशाला नगर क्षेत्रमा भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू आन्दोलित


**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ जेठ**

गौशाला नगर क्षेत्रमा भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको आन्दोलन चर्किएको छ। गौशाला नगरपालिका कार्यालय तथा गाई गौशाला व्यवस्थापन कार्यालय विरुद्ध आन्दोलनमा उत्रिएका स्थानीयवासीहरूले संविधानले सुनिश्चित गरेको भूमिसम्बन्धी अधिकार कार्यान्वयन गर्न माग गरेका छन् आन्दोलनकारीहरूले भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्न तथा डोजर प्रयोग गरेर हटाउने कार्य रोक्न आग्रह गरेका छन् ।



"डोजर आतंक बन्द गर, लालपुर्जा वितरण गर" भन्ने नारासहित भएको प्रदर्शन गौशाला नागरिक समाज तथा अव्यवस्थित बसोबासी संघर्ष समितिको आयोजनामा गरिएको जनाइएको छ। आन्दोलनमा स्थानीयवासीहरूको उल्लेख्य सहभागिता रहेको थियो । गौशाला नगरपालिका-४ का रन्जित साह कनोजियाले आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको स्थानमा अहिले आएर हटाउन खोजिएको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँले स्थानीय सरकारको व्यवहारप्रति आपत्ति जनाउँदै समस्या समाधानका लागि तत्काल पहल आवश्यक रहेको बताउनुभयो । पीडित विकास साहले घर भत्काइने हल्लाका कारण स्थानीयमा त्रास फैलिएको बताउनुभयो । उहाँले तनावका कारण आफ्ना बुबाको एक साताअघि निधन भएको दाबी गर्दै सम्बन्धित निकायलाई मानवीय संवेदनशीलता अपनाउन आग्रह गर्नुभयो ।स्थानीय जगदीश साहले पुस्तौंदेखि बसोबास गर्दै आएका नागरिकलाई अहिले आएर अवैध भन्नु उचित नभएको बताउनुभयो । राज्यले कर लिने बेला नागरिक सम्झिने तर अधिकार दिने बेला बेवास्ता गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उहाँको भनाइ थियो । नेकपा ( माओवादी केन्द्र) का नेता विष्णु लामाले नगरपालिकाले ११५ नम्बर कित्तामा मात्र डोजर चलाउन खोजेको भन्दै आपत्ति जनाउनुभयो । उहाँले अन्य स्थानमा पनि एलानी जग्गा रहेको उल्लेख गर्दै एउटै मापदण्डका आधारमा निर्णय हुनुपर्ने धारणा राख्नुभयो ।

नेपाली कांग्रेसकी महिला नेत्री बसन्ती अर्यालले गाई गौशाला व्यवस्थापन कार्यालय र नगरपालिकाको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले केही वर्षअघि खाली गराइएको स्थानमा पुनः पक्की घर निर्माण भएको उल्लेख गर्दै त्यसबारे निष्पक्ष छानबिन हुनुपर्ने बताउनुभयो । गरिब तथा सुकुम्बासीमाथि मात्र कडा व्यवहार गर्नु उचित नभएको उहाँको भनाइ थियो । गौशाला उद्योग वाणिज्य संघका अध्यक्ष रामराजा प्रसाद साहले ११५ नम्बर कित्तामा तत्कालीन गाविसले बिटौरी काटेर बसोबास गराएको बताउनुभयो । उहाँका अनुसार उक्त क्षेत्रमा कतिपय परिवार ६० देखि ७० वर्षदेखि बसोबास गर्दै आएका छन् । लामो समयदेखि बस्दै आएका नागरिकलाई हटाउनेभन्दा लालपुर्जा वितरणतर्फ राज्यले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो ।उहाँले गाई गौशाला व्यवस्थापन कार्यालयले समेत आफ्नो जग्गा खाली गराउन खोजिरहेको भन्दै असन्तुष्टि व्यक्त गर्नुभयो । केही वर्षअघि खाली गराइएको स्थानमा पुनः पक्की घर निर्माण भएको उल्लेख गर्दै त्यसबारे पनि छानबिन हुनुपर्ने उहाँको भनाइ थियो। आन्दोलनकारीहरूले समस्या समाधानका लागि सम्बन्धित निकायसँग तत्काल वार्ता, स्पष्ट नीति तथा मानवीय व्यवहार अपनाउन माग गरेका छन् ।




## जनकपुरधामलाई अन्तर्राष्ट्रिय स्तरको विवाह गन्तव्य (वेडिङ डेस्टिनेसन) का रूपमा विकास गर्ने घोषणा

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ जेठ**

सङ्घीय सरकारले माता सीताको जन्मभूमि तथा मधेश प्रदेशको राजधानी जनकपुरधामलाई अन्तर्राष्ट्रिय स्तरको विवाह गन्तव्य (वेडिङ डेस्टिनेसन) का रूपमा विकास गर्ने घोषणा गरेको छ ।



आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट सार्वजनिक गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जनकपुरधामको धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्भावनालाई केन्द्रमा राखेर यस्तो घोषणा गरेका हुन् । बजेट वक्तव्यमा रामजानकी पथ तथा रामजानकी परिक्रमा मार्गको स्तरोन्नतिका लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख गरिएको छ । जनकपुरधामलाई रामसीताको पौराणिक विवाहसँग जोडिएको विश्वप्रसिद्ध धार्मिक स्थलका रूपमा प्रवर्द्धन गर्दै विवाह पर्यटनको केन्द्र बनाउने सरकारको लक्ष्य रहेको छ ।

त्यसैगरी, मधेश प्रदेशको विकासलाई प्राथमिकतामा राख्दै हुलाकी राजमार्ग, रेल्वे पूर्वाधार, पूर्वपश्चिम राजमार्गको स्तरोन्नति, शिक्षा, स्वास्थ्य, खेलकुद तथा पोषण कार्यक्रमका लागि समेत बजेट व्यवस्था गरिएको सरकारले जनाएको छ । सरकारको घोषणाप्रति स्थानीय व्यवसायी तथा सरोकारवालाले सकारात्मक प्रतिक्रिया दिएका छन् । उद्योग वाणिज्य सङ्घ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले जनकपुरधामलाई विवाह गन्तव्यका रूपमा विकास गर्ने योजनाले आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्ने विश्वास व्यक्त गरे । उनले यसबाट होटल, पर्यटन, यातायात लगायतका क्षेत्रमा नयाँ रोजगारीका अवसर सिर्जना हुने बताए। भण्डारीले बजेटमार्फत केही करका दरमा गरिएको सहुलियतले उद्योगी तथा व्यवसायीलाई राहत पुग्ने उल्लेख गर्दै यसले आर्थिक गतिविधि विस्तारमा सहयोग गर्ने धारणा व्यक्त गरे । जनकपुरधामलाई विवाह पर्यटनको केन्द्रका रूपमा विकास गर्ने सङ्घीय सरकारको घोषणाले धार्मिक पर्यटनसँगै स्थानीय अर्थतन्त्रलाई समेत नयाँ गति दिने विश्वास गरिएको छ ।



# तथ्यहीन तथा अतिरञ्जित सामग्री प्रसारण गरिएको भन्दै व्यवसायीहरूद्वारा आपत्ति

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १६ जेठ**

महोत्तरीको बर्दिबासमा सञ्चालित होटल तथा पर्यटन व्यवसायलाई लक्षित गर्दै केही सञ्चारमाध्यम र सामाजिक सञ्जाल मार्फत तथ्यहीन तथा अतिरञ्जित सामग्री प्रसारण गरिएको भन्दै व्यवसायीहरूले आपत्ति जनाएका छन् । उनीहरूले बेलाबेलामा हुने घटनालाई अनावश्यक रूपमा बढाइचढाइ गरी प्रस्तुत गर्दा पर्यटन व्यवसायीहरूको मनोबल कमजोर बनाउने प्रयास भएको आरोप लगाएका छन् । गत जेठ ११ गते बर्दिबास नगरपालिका-३ स्थित कालापानी क्षेत्रमा वन कर्मचारी र स्थानीयबीच उत्पन्न विवादपछि विकसित परिस्थितिलाई लिएर व्यवसायीहरूलाई समेत दोषी देखाउने गरी समाचार सम्प्रेषण गरिएको भन्दै होटल तथा पर्यटन व्यवसायी संघले आफ्नो असन्तुष्टि सार्वजनिक गरेको हो ।

बर्दिबासस्थित होटल गौतममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा संयोजक केसी लामिछाने, महासंघ मधेश प्रदेशका अध्यक्ष श्याम बन्जारा तथा सदस्य



त्रिलोकी यादवसँग भएको छलफलमा व्यवसायीहरूले आफूहरूमाथि पूर्वाग्रही ढंगले आरोप लगाइएको गुनासो गरे । छलफलमा होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतम, महोत्तरी जिल्ला अध्यक्ष गुञ्जबहादुर कार्कीलगायत प्रदेश तथा जिल्ला तहका पदाधिकारीहरूको उपस्थिति रहेको थियो । छलफलपछि संघले प्रेस विज्ञप्ति जारी गर्दै घटनाको वास्तविकता ओझेलमा पार्ने गरी केही सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति आपत्ति जनाएको छ । महोत्तरी जिल्ला अध्यक्ष गुञ्जबहादुर कार्कीद्वारा हस्ताक्षरित विज्ञप्तिमा कालापानी घटनापछि बर्दिबासस्थित पानस होटल र भण्डारी होटलका सञ्चालकलाई लक्षित गर्दै दोषारोपण गरिएको समाचारले सत्य तथ्यलाई विकृत बनाउने र समाजमा भ्रम फैलाउने काम गरेको उल्लेख गरिएको छ । विज्ञप्तिअनुसार जेठ १२ गते बर्दिबास नगरपालिकाका जनप्रतिनिधि, सुरक्षा निकाय तथा सरकारी अधिकारीहरूको सहभागितामा सम्पन्न बैठकमा वन कार्यालयका कर्मचारीबाट भएको व्यवहारलाई गल्ती भएको स्वीकार गरिएको थियो ।

वन कार्यालय प्रमुख अजय मिश्रले स्थानीयको घरमै पुगेर लालपुर्जा माग्ने तथा दशकौंदेखि बसोबास गर्दै आएका नागरिकलाई घर खाली गर्न दबाब दिने कार्य अनुचित भएको स्वीकार गर्दै सार्वजनिक रूपमा माफी मागेका थिए । तर, राज्य पक्षले गल्ती स्वीकार गरिसकेको अवस्थामा समेत व्यवसायी र होटल सञ्चालकमाथि विभिन्न आरोप लगाइनु चरित्रहत्या गर्ने प्रयास भएको संघको भनाइ छ । विज्ञप्तिमा भनिएको छ, 'घटनाको वास्तविक पक्षलाई बेवास्ता गर्दै व्यवसायीलाई दोषी करार गर्ने प्रयासले समाजमा भ्रम सिर्जना गरेको छ ।' संघले सामाजिक सञ्जालमा वन कार्यालयका सात जना कर्मचारीलाई 'जिउँदै जलाएर हत्या गर्न खोजिएको' भन्ने आशयका पोस्टहरू समेत भ्रामक र उत्तेजनापूर्ण रहेको जनाएको छ ।

यस्ता आधारहीन सामग्रीले सामाजिक सद्भाव बिगार्ने र अनावश्यक तनाव सिर्जना गर्ने भन्दै संघले जिम्मेवार व्यक्तिमाथि कानुनी कारबाहीको माग गरेको छ । होटल तथा पर्यटन व्यवसायी संघ मधेश प्रदेशका अध्यक्ष गौतमले राज्यका निकायले आफ्नो कमजोरी स्वीकार गरिसकेको अवस्थामा पनि व्यवसायी तथा होटलहरूलाई पूर्वाग्रहपूर्ण ढंगले आरोपित गरिनु दुःखद भएको बताए । उनले घटनाको वास्तविकता सार्वजनिक गरी दोषारोपणको राजनीति अन्त्य गर्न राज्यले आवश्यक छानबिन गर्नुपर्ने धारणा राखे ।

# संघिय बजेटमा मधेश प्रदेशका आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न नसकेको भन्दै असन्तुष्टि

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ जेठ**


तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता डा. विजय सिंहले संघीय सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि प्रस्तुत गरेको बजेटले मधेश प्रदेशका आवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्न नसकेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् ।

शुक्रबार एक प्रतिक्रिया जारी गर्दै डा. सिंहले बजेटमा क्षेत्रीय असन्तुलन न्यूनीकरण तथा मानवीय विकास सूचकांकका आधारमा स्रोत साधनको न्यायपूर्ण वितरण गर्ने कुनै प्रतिबद्धता नदेखिएको बताएका हुन् । उनका अनुसार मधेशजस्तो पछाडि परेको क्षेत्रको विकासका लागि विशेष कार्यक्रम र लगानीको अपेक्षा गरिए पनि बजेट त्यस दिशामा केन्द्रित



हुन सकेन । उनले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट प्रस्तुतिका क्रममा प्रयोग गरेको भाषा, शैली र केही नीतिगत अवधारणालाई सकारात्मक रूपमा लिँदै कृत्रिम बुद्धिमत्ता (एआई) लगायत प्रविधिमैत्री सोचको झल्को देखिएको बताए । यद्यपि, ती अवधारणालाई व्यवहारमा उतार्ने ठोस कार्यक्रम र बजेट विनियोजनको अभाव रहेको उनको भनाइ छ । डा. सिंहले मधेशमा बढ्दो बेरोजगारी, कमजोर स्वास्थ्य सेवा, शिक्षा तथा खानेपानी समस्याजस्ता आधारभूत विषयलाई बजेटले पर्याप्त प्राथमिकता नदिएको आरोप लगाए । कृषि उत्पादन र सिंचाइ व्यवस्थामा आधारित अर्थतन्त्र रहेको मधेशका लागि कृषि क्षेत्रलाई विशेष महत्व दिनुपर्ने भए पनि बजेटमा त्यसको अभाव रहेको उनले बताए । उनका अनुसार सुनकोशी-मरिन बहुउद्देश्यीय आयोजनाको निरन्तरता स्वाभाविक भए पनि दशकौंदेखि चर्चामा रहेको सुनकोशी-कमला जलस्थानान्तरण आयोजनाबारे कुनै स्पष्ट योजना वा बजेट व्यवस्था नहुनु चिन्ताजनक विषय हो । 'मधेशको कृषि विकास र दीर्घकालीन सिंचाइ व्यवस्थासँग प्रत्यक्ष जोडिएको परियोजनाप्रति सरकारको मौनता निराशाजनक छ,'उनले भने । वरिष्ठ नेता सिंहले जनकपुरधाम लगायत धार्मिक तथा सांस्कृतिक महत्वका क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रूपमा विकास गर्ने दिशामा पनि बजेट मौन रहेको टिप्पणी गरे । भारतीय तथा अन्य विदेशी पर्यटकलाई आकर्षित गर्न आवश्यक पूर्वाधार, यातायात सुविधा र पर्यटन प्याकेज निर्माणसम्बन्धी कुनै विशेष कार्यक्रम नआएको उनको गुनासो छ । स्वास्थ्य र शिक्षाको अवस्था अझै चुनौतीपूर्ण रहेको उल्लेख गर्दै उनले यी क्षेत्रको सुधारका लागि पर्याप्त लगानी र परिणाममुखी कार्यक्रम आवश्यक रहेको बताए ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रमुखको रुप www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय.................

# छुवाछुत प्रति कानुनी व्यवस्था कमजोर

नेपालमा दलित समुदायका लागि प्रेम गर्नु, विवाह गर्नु र समान अधिकार प्रयोग गर्नु अझै जोखिमपूर्ण बनेको देखिन्छ। नेपालमा दलित समुदायको जनसङ्ख्या करिब १३ प्रतिशतभन्दा माथि रहेको देखिन्छ । यति ठुलो जनसङ्ख्या हुँदाहुँदै पनि उनीहरू अझै सामाजिक, आर्थिक र राजनीतिक रूपमा पछाडि परेको छ । गरिबी, अशिक्षा, रोजगारीको अभाव र सामाजिक बहिष्कार उनीहरूको दैनिक जीवनको यथार्थ बनेको देखिन्छ। दलित समुदायमाथि हुने विभेद केवल व्यक्तिगत व्यवहारको समस्या होइन, यो सामाजिक संरचनामा गहिरो रूपमा जरा गाडेको देखिन्छ । कथित 'उच्च जाति' को श्रेष्ठताको मानसिकता अझै समाजमा बलियो रहेको देखिन्छ।

दलित समुदाय माथि अझै पनि मन्दिर प्रवेशमा रोक लागेका छन, सार्वजनिक धारा प्रयोगमा विभेद, होटेल तथा भोजनमा छुट्टै व्यवहार र सामाजिक सम्बन्धमा बहिष्कार जस्ता समस्या भोग्नु परेको देखिन्छ । यसले स्पष्ट पार्छ कि कानुनले छुवाछुत अन्त्य घोषणा गरे पनि व्यवहारमा यसको प्रभाव देखिएका छैनन् । राम्रा-राम्रा कानुन बने पनि नेपालको हालको कानुनी व्यवस्था कागजमा सीमित हुँदा सिङ्गो दलित समुदायले न्याय पाउन सकिरहेको छैन। नेपालमा छुवाछुत विरुद्ध कडा कानुनी व्यवस्था भए पनि यसको कार्यान्वयन अत्यन्त कमजोर रहेकाले यसलाई लागु गर्न जरुरी देखिन्छ।

## तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः पिछडेको साथी मिल्ने
मिथूनः लामो यात्राको योग छ
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः मित्रतामा फाटो आउने
कन्याः पढाईमा ध्यान दिनुपर्ने
तुलाः अशुभ समाचार प्राप्त हुने
वृश्चिकः खानपानमा समस्या आउने
धनुः अनावश्यक चिन्ता
मकरः मनमा पछुतो आउने
कूम्भः आम्दानी हुने
मीनः शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# भारत अपरेशन सिन्दूर २.० को तयारीमा छः सेना प्रमुख द्विवेदी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ जेठ**




भारतीय सैन्य प्रमुख उपेन्द्र द्विवेदीले भारत अपरेशन सिन्दूर २.० को तयारीमा रहेको बताएका छन् । पुणे एकेडेमीको १५० औं पासिंग आउट परेडमा भाग लिंदै उनले सो जानकारी दिएका हुन् । द्विवेदीले अपरेशन सिन्दूर अझै समाप्त नभएको बताए । हाल केवल युद्धविरामको अवस्था रहेको र आवश्यक परेमा तीन ओटै सेना 'अपरेशन सिन्दूर २.०' को लागि पूर्ण रूपमा तयार रहेको बताए ।

उनले भने, 'अपरेशन सिन्दूरले भारतले उत्तेजनालाई कसरी प्रतिक्रिया दिन्छ भन्ने कुराको लागि एक मापदण्ड स्थापित गरेको छ। क्याडेटहरूले आफ्नो सैन्य करियरको शुरूआतदेखि नै यो बेन्चमार्क कायम राख्नु पर्छ ।' सेना प्रमुखले पुणेको खडकवासलामा राष्ट्रिय रक्षा प्रतिष्ठान (एनडीए) को १५० औं पासिंग आउट परेडमा भाग लिएका हुन् । उनले समीक्षा अधिकारीको रूपमा ३५५ क्याडेट अधिकारीहरूको परेडको सलामी लिए । परेडको क्रममा क्याडेटहरूले मार्च पास गरे ।

फ्लाईपास्टमा सु-३० एमकेआई लडाकु विमान, चेतक हेलिकप्टर, सारंग हेलिकप्टर एरोबेटिक्स टोली र आकाशगंगा स्काइडाइभिङ टोली समावेश थियो । नयाँ अधिकारीहरूलाई सेना प्रमुखको सन्देशः उनले भने, 'आधुनिक युद्ध पूर्ण रूपमा पारदर्शी भएको छ। हरेक गतिविधि २४ घण्टा निगरानी गरिन्छ। फलस्वरूप, सीमावर्ती क्षेत्रहरूमा सेना तैनाथी, सञ्चालन र नागरिकहरूको सुरक्षाको बारेमा अत्यधिक सतर्कता आवश्यक छ। सूचना युद्ध तब मात्र जित्न सकिन्छ जब नागरिकहरूले सूचना प्रदान गर्ने संस्थाहरूमा विश्वास गर्छन्। नागरिक र संस्थाहरूले एकअर्कालाई विश्वास गर्ने देश सधैं बलियो स्थितिमा हुन्छ ।'

# कसरी जुट्ला बजेटको स्रोत ?

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ जेठ**




अर्थमन्त्री स्वर्णिम वाग्लेले चालु आर्थिक वर्षको संशोधित बजेटको तुलनामा २५ प्रतिशतले आकार बढाई आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गरेका छन् । सरकारबाहिर रहँदा ठूलो आकारको बजेटमा विरोध गर्दै आएका उनले अर्थमन्त्रीका रूपमा पहिलो बजेट ल्याउँदा पुरानै परम्परालाई निरन्तरता दिएका हुन् ।

अर्थमन्त्री वाग्लेले आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेका छन् । राजस्व संकलन र वैदेशिक अनुदानमा व्यापक वृद्धि गर्ने महत्त्वाकांक्षी लक्ष्य राखिएको बजेट चालु आर्थिक वर्षको बजेटको संशोधित अनुमानभन्दा ४ खर्ब ३६ अर्ब रुपैयाँले बढी हो । राजस्व संकलन नपुग्ने र खर्च कम हुने अनुमानपछि चालु आर्थिक वर्षको बजेट मध्यावधि समीक्षाबाट संशोधन गरी १६ खर्ब ८८ अर्ब रुपैयाँ कायम गरिएको छ । यसलाई मध्यनजर गरेर योजना आयोगका उपाध्यक्ष नेतृत्वको स्रोत समितिले १९ खर्ब ६४ अर्बको बजेट ल्याउन सुझाव दिएको थियो । यसमा समेत १ खर्ब ६० अर्बले वृद्धि गरी अर्थमन्त्री वाग्लेले बजेट ल्याएका हुन् । 'योजना आयोगले तोकेको सिलिङभन्दा डेढ खर्ब बढीको बजेट अस्वाभाविक हो भन्ने अर्थमन्त्रीलाई पनि थाहा छ,' पूर्वअर्थमन्त्री वर्षमान पुनले भने, 'विगतमा १८/१९ खर्बको बजेट ल्याउने र पछि त्यसलाई मध्यावधि समीक्षाबाट १६/१७ खर्बतिर झार्ने चलन छ । त्यसकारण साढे २१ खर्बको बजेट वास्तविक होइन भन्ने अर्थमन्त्रीलाई पनि थाहा छ ।' आगामी आर्थिक वर्षका लागि कुल विनियोजनमध्ये चालुतर्फ १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् कुल विनियोजनको ५९.८ प्रतिशत, पुँजीगततर्फ ४ खर्ब ३१ अर्ब १० करोड अर्थात् २०.३ प्रतिशत, वित्तीय व्यवस्थातर्फ ४ खर्ब २२ अर्ब ६४ करोड अर्थात् १९.९ प्रतिशत रहेको छ ।

# सरकारका गतिविधिविरुद्ध सशक्त प्रतिवाद गर्ने एमालेको निर्णय

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ जेठ**



मुलुकमा संविधान, लोकतान्त्रिक व्यवस्था र राष्ट्रिय स्वाधीनतामाथि गम्भीर चुनौती देखिएको निष्कर्ष निकाल्दै एमालेले सरकारका गतिविधिविरुद्ध सशक्त प्रतिवाद गर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको सचिवालयको आठौं बैठकले जारी गरेको अन्तरपार्टी निर्देशन-२ मा यस्तो उल्लेख गरिएको हो । एमालेले भदौ २३-२४ का घटनापछि मुलुक प्रतिगमनतर्फ उन्मुख भएको दाबी गर्दै वर्तमान सरकारले प्रतिशोधको राजनीति, स्वेच्छाचारिता र अधिनायकवादी शैली अपनाएको आरोप लगाएको छ । पार्टी अध्यक्षको गिरफ्तारीदेखि लोकतान्त्रिक शक्तिमाथिको हस्तक्षेपसम्मका घटनालाई एमालेले षड्यन्त्रको निरन्तरता भनेको छ । 'नयाँ सरकारको पहिलो काम नै नेकपा (एमाले) र नेपाली कांग्रेसका विरुद्धमा प्रतिशोध साँध्ने कुरामा केन्द्रित रह्यो । बिनाकुनै आधार गैरकानुनी तरिकाबाट अमानवीय रुपमा पार्टी अध्यक्षको गिरफ्तारी गरेर १३ दिनसम्म मुद्दा दर्ता गर्ने आधार नभटेपछि अदालतको आदेशमा छोड्ने काम भएको छ । तर षड्यन्त्र जारी छ । षड्यन्त्र हाम्रा विरुद्धमा मात्र होइन, लोकतान्त्रिक शक्तिहरुका विरुद्धमा समेत केन्द्रित छ,' पार्टीले भनेको छ । नेताहरूको कार्यविभाजन गर्दै ओलीको अपील- निराश नहुनु, पार्टी पुनर्गठन हुन्छः नेताहरूको कार्यविभाजन गर्दै ओलीको अपील- निराश नहुनु, पार्टी पुनर्गठन हुन्छः एमालेले राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको सरकारमाथि संविधान, कानुन, संसद् तथा राजनीतिक दललाई बेवास्ता गर्दै स्वेच्छाचारी ढंगले शासन सञ्चालन गरेको आरोप लगाएको छ ।

# अभिनेत्री माधुरी दीक्षित पनि भइन् 'एआइ डिपफेक' को शिकार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ जेठ**



बलिउडकी स्थापित अभिनेत्री माधुरी दीक्षित आर्टिफिसियल इन्टेलिजेन्स (एआइ) प्रविधिको गलत प्रयोग अर्थात् 'डिपफेक' को शिकार बनेकी छन् । पछिल्लो समय सामाजिक सञ्जालमा माधुरी दीक्षितको भन्दै एउटा भिडियो तीव्र रूपमा भाइरल भइरहेको छ, जसमा उनी एउटा रिभिलिङ कालो रङको पहिरनमा देखिएकी छन् ।

सो भिडियो सार्वजनिक भएपछि कयौँ प्रयोगकर्ताहरूले उनको कपडा र पहिरनलाई लिएर विभिन्न नकारात्मक टिप्पणीहरू गर्न सुरु गरेका थिए । तर, उक्त भिडियो पूर्ण रूपमा नक्कली रहेको तथ्य बाहिर आएको छ । भारतीय पत्रकार जयदीप पाण्डेले सामाजिक सञ्जालमा दाबी गर्दै उक्त भिडियो एआईको सहयोगले तयार पारिएको नक्कली भिडियो भएको स्पष्ट पारेका छन् । कयौँ प्रयोगकर्ताहरूले यो भिडियोलाई लगातार सेयर गरेपछि सामाजिक सञ्जाल एक्सले एक प्रयोगकर्ताको पोस्टमा कम्युनिटी नोट जारी गर्दै यो भिडियो पूर्ण रूपमा एआईको मद्दतले तयार पारिएको र भ्रामक रहेको प्रमाणित गरिदिएको छ ।

पछिल्लो समय कला क्षेत्रका धेरै चर्चित सेलिब्रेटीहरू एआई-जनरेटेड फेक सामग्रीको शिकार भइरहेका छन् ।

# काभा महिला भलिबलमा नेपाल पदकविहीन, नयाँ खेलाडीलाई एक्सपोजर मात्र

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ जेठ**



८ जेठ अर्थात् नेपालमा 'नेशनल भलिबल डे' मनाइने दिननै काभा महिला भलिबल च्याम्पियनसिप सुरु हुँदा नेपाली महिला भलिबल टोलीको लक्ष्य उपाधि जित्ने नै थियो ।

उपाधि जित्न नसकेपनि कम्तीमा शीर्ष तीनमा रहेर कुनै पदक जित्न सके त्यो उपलब्धि हुने आशा थियो । तर १५ जेठमा च्याम्पियनसिप समपन्न हुँदा नेपाल शीर्ष ३ भित्र पनि पर्न सकेन । तेस्रो स्थानको लागि भएको खेलमा भारतसँग पराजित भएपछि नेपाल घरेलु कोर्टमै पदकविहीन भयो । भारतसँग नै पहिलो खेलमा पराजित हुँदै प्रतियोगिता सुरुवात गरेको नेपाल अन्तिम खेलमा भारतसँगै ३-१ को सेटमा पराजित भएर प्रतियोगिता सकायो । नेपालले पछिल्लो सयम काभाको प्रतियोगितामा कुनै न कुनै पदक जित्दै आइरहेकोमा पहिलो पटक नेपालले कुनै पदक जित्न सकेन । यसले नेपाली टिम मात्र नभएर समग्र नेपाली भलिबल समर्थक र दर्शक पनि केही निराश बने ।

'हाम्रो प्रदर्शन राम्रो भयो तर जुन हामीले अपेक्षा गरेको एउटा मेडल जित्नपर्छ भन्ने थियो त्यो सफल भएन । नेपाली भलिबल प्रेमीले राखेको अपेक्षा पूरा हुन सकेन । त्यसले दुःखी हुन सक्छ' नेपाली टोलीका प्रशिक्षक जगदिश भट्टले भने । सन् २०२३ मा घरेलु कोर्टमा भएको काभा महिला च्यालेन्ज कपमा तेस्रो भएको नेपाल २०२४ मा भएको काभा महिला नेसन्स लिगमा दोस्रो बनेको थियो । त्यसअघि सन् २०१९ र २०२२ मा नेपालले बंगलादेशमा भएको एभिसी एसियन सिनियर महिला सेन्ट्रल जोन भलिबलमा अपराजित रहँदै उपाधि जितेको थियो । सन् २०१९ मा नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुदमा महिला टिमले रजत जितेको थियो । नेपालको यू-२० महिला टिमले पनि पछिल्लो समय काभाको जुनियर प्रतियोगिता खेल्दै कांस्य र रजत पदक जितिसकेको छ ।

# 'हिमालको संरक्षण विश्वकै साझा दायित्व हो'

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १६ जेठ**



नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवले हिमालय क्षेत्रको संरक्षण नेपालको मात्र नभई विश्वकै साझा दायित्व भएको बताउनुभएको छ । 'एएमएस एभरेस्ट टुरिजम अवार्ड २०२६' लाई सम्बोधन गर्दै उहाँले जलवायु परिवर्तनका कारण हिमाल, हिमनदी र पारिस्थितिकीय प्रणालीमा परिरहेको असरप्रति चिन्ता व्यक्त गर्दै यसको संरक्षणमा विश्वव्यापी सहकार्य आवश्यक रहेकोमा जोड दिनुभएको हो ।

प्रथम राष्ट्रपति यादवले नेपालको भौगोलिक विविधता र सामाजिक एकताको चर्चा गर्दै तराई, पहाड र हिमालको विशिष्ट योगदानले नै राष्ट्रिय पहिचान मजबुत बनेको उल्लेख गर्नुभयो। तराईलाई कृषि र अध्यात्मको केन्द्र, पहाडलाई दृढता र संस्कृतिको धरोहर तथा हिमाली क्षेत्रलाई नेपालको गौरवका रूपमा चित्रण गर्दै उहाँले विविधता नै नेपालको शक्ति भएको बताउनुभयो । सगरमाथालाई मानवीय साहस, दृढ सङ्कल्प र अन्तर्राष्ट्रिय मित्रताको प्रतीक मान्दै डा. यादवले पर्यटन क्षेत्रले विभिन्न संस्कृति र राष्ट्रहरूबिच आपसी समझदारी अभिवृद्धि गर्ने धारणा राख्नुभयो । पर्यटन नेपालको समृद्धिको मुख्य आधार भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, 'नेपालका हिमाल विश्वकै पहिचान हुन् । यसको सुरक्षा र सम्वर्धनका लागि अन्तर्राष्ट्रिय समुदायको ऐक्यवद्धता अपरिहार्य छ । पर्यटनले सीमापारिका मानिसलाई जोड्छ र अवसर सिर्जना गर्छ । तर हामीले हाम्रा संवेदनशील हिमाली पर्यावरण जोगाउने जिम्मेवारीलाई भुल्नु हुँदैन ।' उक्त अवसरमा उहाँले पर्वतारोही, पथप्रदर्शक, उद्धारकर्मी, पर्यटन व्यवसायी र संरक्षणकर्मीको योगदानको कदर गर्दै उनीहरूलाई सम्मानित गर्नुभएको थियो ।

# रूपान्तरणकारी जनादेश र संस्थागत निरन्तरताबीचको टकराव

-नेपाल अहिले राजनीतिक रूपान्तरणको गहिरो चरणमा प्रवेश गर्दै जनअपेक्षा संस्थागत सुधार, जवाफदेहिता र कार्यकारी क्षमतातर्फ सर्दै गएको छ । निर्वाचनबाट प्राप्त जनादेश र पुरानो संस्थागत निरन्तरताबीचको तनावले राजनीतिक अस्थिरता र वैधताको संकटको जोखिम बढाएको छ । दीर्घकालीन स्थायित्वका लागि संस्थागत रूपान्तरण र सुधारमुखी ऊर्जा बीच सन्तुलन कायम गर्नु नेपालको मूल चुनौती बनेको छ। नेपाल अब केवल नियमित लोकतान्त्रिक चक्रबाट गुज्रिरहेको देश मात्र रहेन ।

देश अहिले राजनीतिक रूपान्तरको अझ गहिरो चरणमा प्रवेश गरिरहेको छ, जहाँ जनअपेक्षा केवल प्रतीकात्मक गणतन्त्रवादबाट राज्यको प्रभावकारिता, संस्थागत सुधार, जवाफदेहिता र कार्यकारी क्षमताको मागतर्फ सर्दै गएको छ । यससँगै अर्को राजनीतिक अस्थिरता वा आपत्कालीन अवस्थाको जोखिम पनि क्रमशः बढ्दै गएको देखिन्छ । रास्वपा जस्ता सुधारमुखी राजनीतिक शक्तिको उदय केवल कमजोर शासनप्रतिको असन्तुष्टि मात्र होइन, सन् २००६ पछि स्थापित भएको राजनीतिक-सुरक्षा-कूटनीतिक संरचनाप्रति असन्तुष्टि पनि हो । तर नेपालमा विकसित हुँदै गएको राजनीतिक परिदृश्यले अहिले एउटा गम्भीर तनाव उजागर गरिरहेको छ– निर्वाचनबाट प्राप्त जनादेश र संस्थागत निरन्तरताबीचको तनाव । प्रतिनिधिसभामा २७५ मध्ये करिब दुईतिहाइ अर्थात् १८२ सिटमार्फत सुधारमुखी शक्तिले राजनीतिक वैधता प्राप्त गरेको छ । तर, राज्यसत्ताका महत्त्वपूर्ण अंशहरू अझै पनि पुरानो सहमतिमूलक व्यवस्थाबाट निर्मित संस्थागत संरचनाभित्रै सुरक्षित छन् । राष्ट्रिय सभा, न्यायपालिकाका केही भाग, जरा गाडिसकेका प्रशासनिक सञ्जाल तथा पुराना दलगत संरचनाहरूले नीति निर्माण, कार्यान्वयन, व्याख्या तथा राजनीतिक गतिको नियन्त्रणमा अझै पनि उल्लेखनीय प्रभाव कायम राखेका छन् । यो टकराव आकस्मिक होइन, विश्वभरका संक्रमणकालीन राजनीतिक व्यवस्थाहरूको स्वाभाविक विशेषता हो । केही नेताहरू सफल भए किनभने उनीहरूले प्रणालीविरोधी वैधतालाई संस्थागत पुनःसंरचना, आर्थिक व्यवस्थापन तथा प्रशासनिक आधुनिकीकरणसँग जोड्न सके । 'तुलनात्मक राजनीतिशास्त्र' ले यस्ता संस्थाहरूलाई 'भिटो संरचना' का रूपमा व्याख्या गर्छ । औपचारिक रूपमा यिनको उद्देश्य स्थायित्व, निरन्तरता तथा बहुमतको आकस्मिक आवेगमाथि नियन्त्रण कायम गर्नु हो । तर, तीव्र सामाजिक परिवर्तनका अवधिमा यिनै संस्थाहरू क्रमशः परिवर्तन अवरुद्ध गर्ने संयन्त्रका रूपमा देखिन थाल्छन् । यही सन्दर्भमा प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' को राजनीतिक व्यवहार विशेष महत्त्वपूर्ण बन्छ । धेरै टिप्पणीकारहरूले उनको असामान्य कार्यशैलीलाई केवल व्यक्तिगत स्वभाव वा राजनीतिक अपरिपक्वताका रूपमा व्याख्या गरेका छन् । तर यस्तो विश्लेषणले व्यापक तुलनात्मक राजनीतिक सन्दर्भलाई बेवास्ता गर्छ । राजनीतिशास्त्र तथा राजनीतिक मनोविज्ञानका अध्ययनहरूले देखाउँछन् कि संक्रमणकालीन चरणमा उदाएका नेताहरूले प्रायः पुरानो राजनीतिक संस्कृतिबाट आफूलाई अलग देखाउन प्रतीकवाद, व्यवहारगत भिन्नता तथा स्थापित प्रक्रियाको सार्वजनिक अस्वीकृतिको प्रयोग गर्छन् । यस्तो व्यवहार प्रायः आकस्मिक हुँदैन । विश्वका धेरै संक्रमणकालीन व्यवस्थाहरूमा स्थापित प्रणालीविरोधी नेताहरूले संस्थागत अनुरूपताभन्दा 'प्रतीकात्मक विच्छेद' मार्फत वैधता खोज्ने गरेका छन् ।

यसमा असामान्य पोसाक, औपचारिक प्रोटोकलको अस्वीकृति, पुराना राजनीतिक अभिजात वर्गसँग सार्वजनिक टकराव, अनौपचारिक कार्यकारी शैली तथा 'संस्थाभन्दा जनता' लाई प्रत्यक्ष सम्बोधन गर्ने शैली समावेश हुन्छ। यी सबै राजनीतिक संकेत हुन् । जब नेताहरू राज्य समारोहमा जानाजानी अनौपचारिक देखिन्छन्, प्रोटोकललाई बेवास्ता गर्छन् वा औपचारिक राजनीतिक संस्कृतिबाट दूरी देखाउँछन्, विश्लेषकहरूले त्यसलाई संस्थागत जडता, अभिजात सहमतिमूलक राजनीतिप्रतिको असन्तोष तथा परम्परागत शक्ति संरचनाभन्दा प्रत्यक्ष जनादेशमा आधारित वैधता निर्माण गर्ने प्रयासका रूपमा बुझ्ने



गर्छन् । यसका अन्तर्राष्ट्रिय उदाहरणहरू प्रशस्त छन् । नरेन्द्र मोदीले आफ्नो प्रारम्भिक कार्यकालमा परम्परागत दिल्ली राजनीतिक संस्कृतिबाट विच्छेदको स्पष्ट सन्देश दिएका थिए । उनले आफूलाई 'लुटियन्स दिल्ली' को स्थापित शक्ति वृत्तभन्दा बाहिरको नेता– पुरानो व्यवस्थाको निरन्तरता होइन, परिवर्तनकारी शक्ति– का रूपमा प्रस्तुत गरे । भ्रष्टाचार, नीतिगत जडता तथा गठबन्धनकालीन राजनीतिक कमजोरीविरुद्ध उनको सन्देश केन्द्रित थियो । बोरिस येल्त्सिनले सोभियतपछिको संक्रमणमा 'विच्छेद' को प्रतीकात्मक प्रतिनिधित्व गरे । १९९१ को सोभियत 'कू' प्रयासका क्रममा ट्यांकमाथि उभिएको उनको तस्बिर पुरानो व्यवस्थाविरुद्ध प्रतिरोधको विश्वव्यापी प्रतीक बन्यो । तर तीव्र परिवर्तनले संस्थागत अस्थिरता, आर्थिक अराजकता तथा सत्ता केन्द्रीकरणका समस्याहरू पनि जन्मायो । हुगो चाभेजले प्रत्यक्ष प्रणालीविरोधी टकरावमार्फत १९९२ राजनीतिक वैधता निर्माण गरे । उनले सार्वजनिक प्रदर्शन, प्रतीकात्मक राजनीति र 'जनता बनाम अभिजात वर्ग' को कथनमार्फत स्थापित राजनीतिक व्यवस्थालाई चुनौती दिए । तर अत्यधिक व्यक्तिकेन्द्रित सत्ता र संस्थागत कमजोरीकरणले दीर्घकालीन संकटलाई निम्त्यायो । हालै जेभियर मिलेईले २०२३ मा अर्जेन्टिनाको आर्थिक संकट, राजनीतिक जडता र पुराना दलहरूप्रतिको जनआक्रोशलाई प्रयोग गर्दै आक्रामक प्रणालीविरोधी राजनीतिक अभियान निर्माण गरे । असामान्य सार्वजनिक व्यवहार, तीक्ष्ण भाषण तथा व्यक्तिगत शैलीमार्फत उनले आफूलाई पुरानो व्यवस्थाविरुद्धको राजनीतिक 'विच्छेद' का रूपमा स्थापित गरे । एल साल्भाडोरका नायिब बुकले २0२0 मा पनि परम्परागत राजनीतिक संरचनालाई चुनौती दिँदै सामाजिक सञ्जाल, प्रत्यक्ष सन्देश तथा केन्द्रीकृत कार्यकारी शैलीमार्फत 'निर्णायक नेतृत्व' को छवि निर्माण गरे । तर तुलनात्मक राजनीतिक इतिहासले अर्को महत्त्वपूर्ण पाठ पनि दिन्छ– प्रतीकात्मक विच्छेद मात्र पर्याप्त हुँदैन । संक्रमणकालीन वा रूपान्तरणको नेतृत्व सफल हुन्छ कि असफल- त्यो अन्ततः संस्थागत रूपान्तरणमा निर्भर हुन्छ । केही नेताहरू सफल भए किनभने उनीहरूले प्रणालीविरोधी वैधतालाई संस्थागत पुनःसंरचना, आर्थिक व्यवस्थापन तथा प्रशासनिक आधुनिकीकरणसँग जोड्न सके । ली क्वान यूले १९६० पछि सिंगापुरलाई कमजोर उपनिवेशोत्तर सहर-राज्यबाट उच्च संस्थागत विकास भएको राज्यमा रूपान्तरण गरे । देङ सियाओपिङले चीनलाई वैचारिक जडताबाट बाहिर निकाल्दै आर्थिक पुनःसंरचना गरे । फ्र्यांकलिन डी. रुजवेल्टले न्यु डिलमार्फत अमेरिकी राज्य संरचनालाई पुनर्परिभाषित गरे । नेल्सन मण्डेलाले परिवर्तन र संस्थागत मेलमिलापबीच सन्तुलन कायम गर्दै दक्षिण अफ्रिकालाई ठूलो अस्थिरताबाट जोगाए । यसको विपरीत, केही संक्रमणकालीन नेताहरू असफल भए किनभने प्रतीकात्मक राजनीति संस्थागत शासनमाथि हाबी भयो । हुगो चाभेजले सुरुआतमा जनसमर्थन प्राप्त गरे पनि संस्थाहरू कमजोर बन्दै गए । बोरिस येल्त्सिनले सोभियत संरचना भत्काए तर स्थिर वैधता निर्माण गर्न सकेनन् । मोहम्मद मोर्सीले अरब स्प्रिङपछिको लोकतान्त्रिक ऊर्जा त पाए, तर संस्थागत प्रतिरोध र शक्ति संघर्ष व्यवस्थापन गर्न नसक्दा उनको राजनीतिक पतन भयो । फरक यहीँ छ । सफल संक्रमणकालीन नेताहरू परिवर्तनलाई संस्थागत बनाउँछन् । असफल नेताहरू परिवर्तनलाई व्यक्तिकेन्द्रित बनाउँछन् । नेपालको वर्तमान संक्रमण पनि यही वैश्विक ढाँचातर्फ उन्मुख देखिन्छ ।

नेपाली सेनाको भूमिकाबारे भइरहेको प्रचार-प्रसार, न्यायपालिका र सरकारबीच देखिएको द्वन्द्व, राष्ट्रिय सभामा दलहरूबीचको असहयोग साथै विभिन्न राजनीतिक दलहरूले खडा वा पुनःस्थापना गरेका युवा फोर्सहरू यसका केही उदाहरण हुन् । अब विभाजन केवल वैचारिक छैन, यो संरचनात्मक, पुस्तागत तथा संस्थागत हुँदै गएको छ । एकातिर सन् २००६ पछिको सहमतिमूलक संरचना छ– जसको उद्देश्य द्वन्द्वपछिको शक्ति सन्तुलन र सहअस्तित्व व्यवस्थापन थियो । अर्कोतिर तीव्र शासन सुधार, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक दक्षता र कार्यकारी प्रभावकारिताको माग गर्ने नयाँ जनादेशमुखी राजनीतिक संस्कृतिको उदय भइरहेको छ । यही कारण राष्ट्रिय सभामाथिको आलोचना बढिरहेको छ । सुधारमुखी धाराहरूले यसलाई स्थायित्व दिने लोकतान्त्रिक संस्था होइन, पुरानो राजनीतिक सञ्जालले आफ्नो प्रभाव कायम राख्ने संरचनाका रूपमा चित्रित गर्न थालेका छन् । त्यस्तै न्यायपालिकाका केही निर्णयहरू पनि जब सुधारमुखी कार्यकारी कदम अवरुद्ध गर्ने रूपमा देखिन्छन्, तब जनअसन्तोष बढ्न थाल्छ । रूपान्तरणकालीन व्यवस्थामा न्यायपालिकाको भूमिका अत्यन्त संवेदनशील हुन्छ । अदालतहरूले संवैधानिक नियन्त्रण र सामाजिक परिवर्तनबीच सन्तुलन कायम गर्नुपर्छ । तर जब न्यायालयहरूलाई निष्पक्ष संस्थाभन्दा पुरानो राजनीतिक व्यवस्थाका संरक्षकका रूपमा हेरिन थालिन्छ, वैधताको संकट गहिरिन थाल्छ । यही ठाउँमा नेपाल सम्भावित रूपमा खतरनाक राजनीतिक दिशातर्फ जान सक्छ । यदि सुधारमुखी जनभावना बढ्दै जाँदा प्रमुख संस्थाहरू परिवर्तन अवरुद्ध गर्ने शक्तिका रूपमा देखिन थाले भने, नेपाल केवल राजनीतिक विवाद होइन, वैधताको संकटतर्फ जान सक्छ ।

**साभार : कान्तिपुर ।**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday